निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३/०८४

सूचना नं.: ३६

अनुदानको मल बिक्रि वितरण गर्न चाहने सहकारी संस्था, फर्म वा कम्पनीले निवेदन पेश गर्ने सम्बन्धी सूचना(प्रथम पटक प्रकाशित मितिः- २०८३/०६/१९)

यस निस्दी गाउँपालिकाको 'स्थानीय तह मल वितरण व्यवस्थापन समिति' को मिति २०८३ साल असोज १५ गतेको बैठकको निर्णय अनुसार यस गाउँपालिकाको वडा नं. १ र २ कार्यक्षेत्र पर्नेगरी अनुदानको मल बिक्रि वितरण गर्न चाहने सहकारी संस्था, फर्म वा कम्पनीले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ०७ दिन (२०८३/०६/२५ गते) भित्र कृषि शाखामा निवेदन पेश गर्नुहुन सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । निवेदन बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै कार्यालय खुल्ने पहिलो दिनको सोही समयसम्म म्याद कायम रहनेछ र सोही दिनलाई अन्तिम दिन मानिनेछ साथै थप जानकारीका लागि यस कार्यालयको कृषि शाखामा सम्पर्क गर्न सकिनेछ।

२०८३/०६/१९
पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:

१. निवेदन,
२. सहकारी संस्था, फर्म वा कम्पनीको कार्यसमितिको निर्णय,
३. सहकारी संस्था, फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र,
४. सम्बन्धित वडा कार्यालयको सिफारिस,
५. विगतका दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
६. स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाण,
७. अनुभव, कार्यदक्षता, कार्यक्षमताको विवरण (कम्तिमा विगत दुई वर्षदेखि कृषि उत्पादन सामग्रीको बिक्री वितरणमा संलग्न रहेको)
८. नापतौल गर्ने मेशिन, गोदामघर, सुचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण,
९. कर चुक्ता प्रमाणपत्र
१०. मल विक्री गर्ने बिक्री केन्द्रको नाम, ठेगाना र मल बिक्री केन्द्र आफ्नो स्वामित्वमा भए सो को प्रमाण वा भाडामा भए करार सम्झौताको प्रमाण ।

Web:https://www.nisdimun.gov.np Email:info@nisdimun.gov.np,nisdi2007@gmail.com +9779857079210/9857079215